# टेलिफोन मार्फत घरमा नै गराउन सकिने पाठ्यक्रम तथा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित बालकेन्द्रित क्रियाकलापहरू: पूर्वप्राथमिक कक्षा

**यी क्रियाकलापहरू भौतिक रूपमा कक्षाकोठामा उपस्थित भएर शिक्षणसिकाइको कार्य गर्न नसकिने अवस्थामा साधारण टेलिफोन वा मोबाइल फोनको प्रयोग गरी गर्न सकिन्छ। यसको लागि विद्यालयको संयोजनमा, दैनिक पाठयोजनाअनुसार शिक्षकले अभिभावकलाई टेलिफोन वा सन्देश (एसएमएस) मार्फत सिकाइ क्रियाकलाप प्रदान गर्नुपर्दछ। सो क्रियाकलाप अभिभावकले बालबालिकालाई गराउनुपर्ने हुन्छ भने आवश्यक रूपमा शिक्षकले थप सहयोग प्रदान गर्न सकिने वातावरण निर्माण गर्नुपर्दछ। विस्तृतमा 'टेलिफोनमा आधारित शिक्षणसिकाइ' कार्यढाँचा हेर्नुहोस्।**

| विषयवस्तु | विकासका पक्ष | क्रियाकलाप |
|---|---|---|
| म र मेरो परिवार | शारीरिक विकास | बालबालिकालाई कापीमा आफ्नो हत्केलाको छाप बनाउन दिनुहोस्। |
| | | बालबालिकालाई आफ्नो अनुहारको चित्र कोर्न लगाउनुहोस्। |
| | | दैनिक दुई पटक (उठेपछि र सुत्नु अगाडि) दाँत माँझ्न लगाउनुहोस्। |
| | | बालबालिकालाई आफ्ना साथीहरूको चित्र कोर्न लगाउनुहोस्। |
| | | बालबालिकालाई ससाना ढुङ्गा सिमी एवम् मकैका दाना ,छेस्का ,पात पतिङ्गरलगायत बटुल्न लगाउनुहोस्। त्यसबाट आफ्नो र परिवारका सदस्यहरूको चित्र तथा आकार  बनाउन लगाउनुहोस्। |
| | | बालबालिकालाई हात शरीर तन्काउन र निहुरेर खुट्टा छुन लगाउनुहोस्। |
| | | बालबालिकालाई भुइँमा घस्रेर अगाडि तथा पछाडि सर्न लगाउनुहोस्। |
| | | पत्रिका च्यातेर विभिन्न आकृति बन्ने गरी कापीमा टाँस्न लगाउनुहोस्। यसका लागि आफैँले नमुना पनि देखाइदिनुहोस्। |
| | | कमिजको टाँक लगाउन तथा जुत्ताको फित्ता बाँध्ने अभ्यास गराउनुहोस्। यसपछि आफैं लुगा लगाउने तथा फुकाल्ने अभ्यास गराउनुहोस्। |
| | | खाना खानुअघि एवम् पछि र चर्पी प्रयोग गरिसकेपछि हात धुने अभ्यास गर्न दिनुहोस्। |
| | | आफ्नो लुगा धुन र सफा लुगा चिन्न तथा प्रयोग गर्न सिकाउनुहोस्। |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

SMC Federation of Nepal

Nepal Education Cluster
नेपाल शिक्षा समूह

unicef

| | | |
|---|---|---|
| | | नुहाउने बेलामा जिउमा साबुन घस्दै साबुनबाट फिँज निकाल्दै उडाउन लगाउनुहोस्। |
| | | बालबालिकालाई आफ्ना लुगाहरू पट्याउन सिकाउनुहोस्। |
| | **बौद्धिक विकास** | बालबालिकालाई आफ्नो शरीरको नाम भन्न लगाउनुहोस्। |
| | | साथीहरूसँगको समानता र भिन्नता छुट्याउन लगाउनुहोस्, जस्तै : को अग्लो, को होचो को ,कालो ,को गोरो ,को मोटो ,को पातलो आदि । |
| | | घरमा सँगै बसेका परिवारको सङ्ख्या गन्न लगाउनुहोस्। |
| | | ताली बजाउँदै दशसम्म गन्ती गर्न लगाउनुहोस्। |
| | | बालबालिकाले बिहानदेखि बेलुकासम्म गर्ने कामहरूको चित्र बनाउन दिनुहोस्। |
| | | शरीरका अङ्ग प्रयोग गरेर विभिन्न आवाज निकाल्न लगाउनुहोस्। |
| | **सामाजिक तथा सांस्कृतिक विकास** | परिवारका सदस्यको नाम र सम्बन्ध बताउन लगाउनुहोस्। |
| | | मास्क लगाउने सही तरिका गरेर देखाउनुहोस् र गर्न लगाउनुहोस्। |
| | | हात र खुट्टाको नङ काट्न सिकाउनुहोस्। |
| | | हात धुने सही तरिका गरेर देखाउनुहोस् र गर्न लगाउनुहोस्। |
| | | हाछिउँ गर्दा तथा खोक्दा नाक र मुख छोप्ने अभ्यास गराउनुहोस्। |
| | | बालबालिकालाई दैनिक रूपमा ठुलालाई अभिवादन गर्न प्रोत्साहित गर्नुहोस् र परिवारका अरू सदस्यले पनि सो कुरा गरेर देखाउनुहोस्। |
| | | बालबालिकालाई विभिन्न अवस्थामा परिचित तथा अपरिचित व्यक्तिबाट कसरी सहयोग माग्ने भन्नेबारेका कथा सुनाउनुहोस्। |
| | | बालबालिकालाई परिवारमा गरिने घरायसी काममा उनीहरूको इच्छा र क्षमताअनुसार संलग्न गराउनुहोस्। |

| | | |
|---|---|---|
| | | घरका काममा गन्ती र अङ्क प्रयोग गरेर सहयोग गर्न लगाउनुहोस्, जस्तै : ६ ओटा आलु ल्याउन अह्राउनुहोस्। |
| | **संवेगात्मक विकास** | घरभित्रको कुनै क्षेत्रलाई बालबालिकाको खेल्ने वा सिक्ने क्षेत्रका रूपमा तोकिदिनहोस्। |
| | | बालबालिकालाई कोठाभित्र वा आँगनमा सुरक्षित रूपमा पिङ खेल्ने व्यवस्था मिलाइदिनुहोस्। |
| | | बालबालिकालाई निश्चित जिम्मेवारी दिनुहोस्, जस्तै : कोठा सजाउने, बोटबिरुवालाई पानी दिनुहोस्। |
| | | बालबालिकालाई अरूहरूका आवश्यकताप्रति सचेत हुनुपर्ने सन्दर्भ भएका कथा सुनाउनुहोस् र सोबारेमा उनीहरूसँग छलफल गर्नुहोस्। |
| | | बालबालिकाले अन्य व्यक्तिलाई सहयोग वा मैत्रीपूर्ण व्यवहार गरेको घटना सम्झिनुहोस् र सोका बारेमा छलफल गरेर प्रशंसा गर्नुहोस्। |
| | **भाषिक विकास** | बालबालिकालाई बेला बेलामा आफ्नो पूरा नाम भन्न लगाउनुहोस्। |
| | | बालबालिकालाई आफ्ना साथीहरूको नाम र साथीको मनपर्ने बानी भन्न लगाउनुहोस्। |
| | | बालबालिकाको शिक्षकको नाम सोध्नुहोस्। मिल्ने साथीको नाम सोध्नुहोस्। |
| | | बालविकास केन्द्र वा विद्यालयमा गरिने मनपर्ने क्रियाकलापका बारेमा कुराकानी गर्नुहोस्। |
| | | आफ्नो नाम, उमेर र ठेगाना भन्ने अभ्यास गर्न लगाउनुहोस्। |
| | | अभिभावकको नाम र फोन नम्बर याद गर्न लगाएर भन्न लगाउनुहोस्। |
| | | बालबालिकालाई शरीरका अङ्गहरूको नाम भन्ने खेल खेलाउनुहोस्। |
| | | बालबालिकालाई मामाघरका पाँच जना मन पर्ने व्यक्तिको नाम भन्न लगाउनुहोस्। त्यहाँ यदि मन नपर्ने व्यक्ति भए उनीहरूका नाम पनि भन्न लगाउनुहोस् र सोबारे छलफल गर्नुहोस्। |
| | | बालबालिकालाई आफ्नो मन पर्ने अङ्गको चित्र कोर्न र त्यसमा रङ भर्न दिनुहोस्। |

| | | |
|---|---|---|
| मेरो ठाँउ | शारीरिक विकास | ढुङ्गा, माटो, बालुवा जम्मा गरेर अथवा रङ वा क्रेयनको माध्यमबाट गाउँको चित्र बनाउन लगाउनुहोस् । |
| | | विभिन्न पेसाका मानिसले गर्ने कामको नक्कल गर्न लगाउनुहोस् । |
| | | डोरी वा सलले विभिन्न आकार बनाई त्यसमाथि सन्तुलन गरेर हिँड्न दिनुहोस् । |
| | | अभिभावकको निर्देशनमा अगाडि, पछाडि, दायाँ, बायाँ हिँड्न (निर्देशन खेल) लगाउनुहोस् । |
| | | बालबालिकालाई एक खुट्टाले उफ्रेर दशसम्म गन्न लगाउनुहोस् । |
| | | बालबालिकासँग बल फाल्ने र समात्ने गरेर खेल्नुहोस् । |
| | | ठुला प्वाल भएको वस्तुलाई धागामा उन्न दिनुहोस् । |
| | | आफ्नो कोठा आफैँ सफा गर्न लगाउनुहोस् । |
| | | जुत्ताहरू मिलाएर राख्न लगाउनुहोस् । |
| | | फोहोर र फोहोर फाल्ने ठाँउका बारेमा छलफल गर्नुहोस् । |
| | | बालबालिकालाई ससाना ढुङ्गा ,सिमी एवम् मकैका दाना ,छेस्का ,पात पतिङ्गरलगायत बटुल्न लगाउनुहोस् । त्यसबाट आफ्नो बालविकास केन्द्र वा विद्यालयको आकार बनाउन लगाउनुहोस् । |
| | बौद्धिक विकास | विभिन्न तस्बिरहरू देखाएर आफ्नो ठाँउमा भएको नभएको जानकारी लिनुहोस् । |
| | | घरको वरिपरि कतिओटा र कस्ता खालका घर छन्, सोध्नुहोस् । |
| | | हाम्रो गाउँमा अस्पताल, विद्यालय, बैङ्क, कलकारखाना छन् कि छैनन्, सोध्नुहोस् । तिनीहरूले के काम गर्दछन्, भन्न , लगाउनुहोस् । |
| | | कुनै आकारको नाम दिएर सोही आकारअनुसारका वस्तुहरू जम्मा गर्न लगाउनुहोस्, जस्तै : तीनकुने । |
| | | कुनै रङको नाम दिएर सोही रङअनुसारका वस्तुहरू जम्मा गर्न लगाउनुहोस् । |
| | | घर वरिपरिका ढुङ्गाहरू सङ्कलन गर्न लगाई सानोदेखि ठुलाको क्रममा मिलाएर राख्न दिनुहोस् । |

| | | |
|---|---|---|
| | | विभिन्न आकारहरू बनाएर सोभित्र बालबालिकालाई मनपर्ने रङ भर्न दिनुहोस् । |
| | | बालबालिकालाई घर वरिपरिका बोटबिरुवा, पशुपक्षीको चित्र बनाउन लगाई सोबारे छलफल गर्नुहोस् । |
| | | कुनै अङ्क ठुलो गरी कापीमा लेखिदिनुहोस् र सो भित्र रङ लगाउन दिनुहोस् । |
| | | घरभित्रका विभिन्न वस्तुहरू लम्बाइ र आकारका आधारमा जम्मा गर्ने खेल खेलाउनुहोस् । |
| | | घरमा भएका विभिन्न वस्तुहरूको तौल तथा उचाइ नाप्न लगाउनुहोस् । |
| | **सामाजिक तथा सांस्कृतिक विकास** | हाम्रो गाउँमा के के काम (लुगा सिउने, पसल गर्ने, खेती गर्ने जस्ता काम) गर्ने मान्छेहरू छन् भनी सोध्नुहोस् । |
| | | साबुन, पानी, कपाल, काइँयो, दाँत ब्रस जस्ता मिल्ने वस्तु, चित्र वा शब्द राखेर जोडा मिलाउन लगाउनुहोस् । |
| | | घरमा भएको विभिन्न औजारहरूको चित्र बनाउन दिनुहोस् र सोका बारेमा छलफल गर्नुहोस् । |
| | **संवेगात्मक विकास** | विभिन्न किसिमको भावनाहरू थाहा दिने कथा भन्नुहोस् र कथाको जस्तै भाव प्रकट गर्न लगाउनुहोस्, जस्तै,: अल्छी, दु:खी, खुसी, झर्किएको, रमाएको । |
| | | बालबालिकाले बनाएका चित्रलाई कोठामा प्रदर्शन गर्न लगाउनुहोस् । |
| | | बालबालिकालाई विभिन्न संवेगअनुसार अभिनय गर्न लगाउनुहोस् ,जस्तै: रोएको, हाँसेको आदि । |
| | | अरूको भावनाको नक्कल गर्न लगाउनुहोस्: जस्तै , दिदी खुसी भएको, आमाले माया गरेको, दाजु रिसाएको । |
| | | बालबालिकालाई हप्ताको एक पटक घर तथा छिमेकका बारेमा समाचार सङ्कलन गर्न लगाएर भन्न दिनुहोस् । |
| | **भाषिक विकास** | आफ्नो नाम, उमेर र ठेगाना भन्ने अभ्यास गर्न लगाउनुहोस् । |

| | | |
|---|---|---|
| | | अभिभावकको नाम र फोन नम्बर याद गर्न लगाएर भन्न लगाउनुहोस्। |
| | | आफ्नो गाउँको नाम भन्न लगाउनुहोस्। आफ्नो घरको ठेगाना भन्न लगाउनुहोस्। |
| | | घरमा भएका विभिन्न सामानहरू केबाट बनेका छन्, छुट्याउन लगाउनुहोस्, जस्तै : काठबाट, प्लास्टिकबाट बनेका। |
| | | बालबालिकासँग घरमा भएका कुनै उपकरण देखाउने र त्यसको नाम भन्ने खेल खेलाउनुहोस्। |
| | | वरिपरि पाइने समान वस्तुहरूको प्रयोग गरेर १० सम्मको गन्ती र अङ्क सिकाउनुहोस्। |
| | | हावामा र बालुवामा अङ्क लेखाउनुहोस्। |
| **चाडपर्व (मेरो घरमा मनाइने पर्वहरू, सबैले मन पराउने पर्वहरू, चाडपर्वमा गरिने क्रियाकलापहरू)** | **शारीरिक विकास** | बालबालिकालाई उनीहरूले मनपराउने कम्तीमा तीनओटा पर्वहरूसम्बद्ध क्रियाकलाप समेटी चित्र बनाउन लगाउनुहोस् । |
| | | मुखले सिटी बजाउन सिकाउनुहोस्। |
| | | विभिन्न आकार र चित्र भित्र रङ लगाउन दिनुहोस्। |
| | | कागज पट्याउन र कैँचीको प्रयोग गरेर काट्न लगाउनुहोस्। |
| | | ठुलो डोरी प्रयोग गरेर बुन्न र बाट्न लगाउनुहोस्। |
| | | मुछेको माटो वा पिठोबाट विभिन्न आकार बनाउन दिनुहोस्। |
| | | आँखा बन्द गर्न लगाएर विभिन्न खाद्यवस्तु चाख्न लगाई तिनीहरूको स्वाद पहिचान गर्ने खेल खेल्न दिनुहोस्। |
| | | घरमा भएका विभिन्न मसलाहरू सुँघ्न दिनुहोस् र चिनाउनुहोस्। |
| | | बालबालिकालाई विभिन्न भाँडाहरू दिएर पानी र बालुवामा खेल्न दिनुहोस्। |
| | | बालबालिकालाई गिलो माटोबाट विभिन्न आकार प्रकार बनाएर खेल्न दिनुहोस्। |

| | | |
|---|---|---|
| | | चाडपर्वमा गाइने गीत गाएर बालबालिकालाई नचाउनुहोस् । उनीहरूलाई विभिन्न कथा सुनाई त्यसमा उनीहरूलाई मन परेको पात्रको भूमिका अभिनय पनि गर्न लगाउनुहोस् । |
| | **बौद्धिक विकास** | बालबालिकालाई यस वर्ष घरमा के के पर्वहरू मनाइयो, भन्न र वर्णन गर्न लगाउनुहोस् । |
| | | कुन चाडपर्वमा के के खानेकुरा पकाउँछौ भनी खानेकुराको नाम र स्वाद सम्झन र के के कुराहरूले बनेको हो भन्न र चित्र कोर्न लगाउनुहोस् । |
| | | दिनमा एउटा शब्द सिकाउनुहोस् । त्यसबाट सुरु हुने अक्षरलाई ठुलो गरेर लेखिदिनुहोस् र त्यो भित्र रङ लगाउन दिनुहोस्, जस्तै : दसैँ “द” इद –इ , उभौलि –उ , छठ- छ आदि । |
| | | बालबालिकाले दिनमा कति पानी खान्छन्, उनीहरूलाई नै गन्न र अभिलेख राख्न लगाउनुहोस् । |
| | **सामाजिक तथा सांस्कृतिक विकास** | बालबालिकालाई चाडपर्वमा के के क्रियाकलाप गर्छौ भनी सूची तयार गर्न लगाउनुहोस् । |
| | | पर्वमा खाइने स्वस्थकर र अस्वस्थकर खानेकुराका बारेमा छलफल गर्नुहोस् र स्वस्थकर खाना मात्र खान प्रोत्साहन गर्नुहोस् । |
| | | खाना खाँदा राम्ररी चपाएर नहतारिकन बिस्तारै खाने अभ्यास गराउनुहोस् । |
| | | बालबालिकालाई आफूलाई मनपर्ने पर्वको कथालाई नाटकमा प्रस्तुत गर्न प्रेरित गर्नुहोस् । |
| | | बालबालिकासँग कुनै धार्मिक कार्यक्रमको विस्तृत प्रक्रियाबारे छलफल गर्नुहोस् । |
| | **संवेगात्मक विकास** | बालबालिकालाई कुनै अभिनय वा नृत्य प्रदर्शन गर्न लगाउनुहोस् । |
| | | बालबालिकालाई कपडाका टुक्राबाट पपेट र पुतली बनाएर दिनुहोस् र पर्व सम्बन्धित अभिनय गर्न लगाउनुहोस् । |
| | | चाडपर्वको अभिनय गर्न लगाउनुहोस्, जस्तै : पूजा गरेको, खाना पकाएको, बाँडेको । |
| | **भाषिक विकास** | चाडपर्वमा गाइने गीत गाएर बालबालिकालाई नचाउनुहोस् । |
| | | बालबालिकासँग गाउँखाने कथा र उखानहरू भन्ने खेल खेलाउनुहोस् । |

| | | |
|---|---|---|
| | | बालबालिकालाई हालसालै अनुभव गरेको कुनै रमाइलो घटना भन्न दिनुहोस्। |
| | | थोप्लाहरूबाट कुनै चित्र बनाउनुहोस् र बालबालिकालाई ती थोप्लाहरू जोडेर चित्र पूरा गर्न दिनुहोस्। |
| | | कुनै चित्र बनाएर बालबालिकालाई देखाउनुहोस् र सो चित्रबारे वर्णन गर्न दिनुहोस्। |
| | | थोप्लाबाट ठुला अक्षर बनाएर थोप्ला जोड्न लगाउनुहोस्। |
| | | चाडपर्वसँग सम्बन्धित शब्द र चित्रहरूमा रङ भर्न लगाउनुहोस्। |
| | | विभिन्न चाडपर्वका अवसरमा सो चाडपर्वका बारेमा छलफल गर्नुहोस्। |
| **समय (घडी, क्यालेन्डर, ऋतु)** | **शारीरिक विकास** | बालबालिकालाई घडीको चित्र कोर्न लगाई त्यसमा भएको अङ्क चिन्न लगाउनुहोस्। |
| | | घडीभित्र भएको अङ्कअनुसारको वस्तु जम्मा गर्न लगाउनुहोस्। |
| | | महिनाको चार्ट बनाएर महिनाको नाम भन्दै उफ्रन लगाउनुहोस्। |
| | | घडीको समयअनुसार गन्दै उफ्रन तथा शरीरका अङ्गहरू(हात, खुट्टा) चलाउन लगाउनुहोस्: जस्तै , १, २, ३ पटक उफ्रने वा १ भन्दा  हात तल, २ भन्दा हात माथि। |
| | **बौद्धिक विकास** | घरमा भएको क्यालेन्डरमा आजको दिन, गते बार र महिना देखाउनुहोस्। गते गन्न र बारहरूको नाम भन्ने अभ्यास गराउनुहोस्। |
| | | घडीमा कति बज्दा के के क्रियाकलाप गर्ने भनी सूची तयार पार्नुहोस्। घडीभित्र भएको सानो सुई र ठुलो सुईको काम भन्न लगाउनुहोस्। |
| | | घरमा भएका सदस्यहरू ककस्को हातमा कस्तो खालको घडी छ, हेरी फरक छुट्याउन लगाउनुहोस्। |
| | | एक महिनामा कति दिन र कति हप्ता हुन्छन्, गन्न लगाउनुहोस्। |
| | | घरमा भएको सदस्यहरूको जन्मदिन कहिले पर्छ भनी सूची तयार गरी बालबालिकासँग मिलेर जन्मदिनको क्यालेन्डर बनाउनुहोस् र भित्तामा झुन्ड्याउनुहोस्। |

| | | |
|---|---|---|
| | | बालबालिकालाई आजको मौसम हेरी चित्र कोर्न लगाउनुहोस् । सकेमा एक हप्ता निरन्तर सो गर्न लगाउनुहोस् । |
| | | बालबालिकालाई सूर्य, चन्द्रमा, तारा र आकाशको चित्र बनाई रङ भर्न लगाउनुहोस् । बालबालिकाले बनाएका चित्रको व्याख्या गर्न लगाउनुहोस् । |
| | | बालबालिकालाई दैनिक रूपमा क्यालेन्डर देखाउनुहोस् र आजको बार तथा मिति(साल महिना र गते) बताउन सिकाउनुहोस् । |
| | | बालबालिकाले दैनिक गर्ने कामहरूको कार्यतालिकासँगै बनाउनुहोस् । |
| | | जाडो महिना, गर्मी महिना र पानी पर्ने महिना छुट्याउन लगाउनुहोस् । ती महिनामा गरिने क्रियाकलापको सूची तयार गर्नुहोस् । |
| | | कुन ऋतुमा (मौसम) कस्तो लुगा लगाउने भनी छुट्याउन लगाउनुहोस् र चित्र कोर्न लगाउनुहोस् । |
| | **सामाजिक तथा सांस्कृतिक विकास** | बालबालिकालाई समयको महत्त्वका बारेमा कथा सुनाउनुहोस् । |
| | | बालबालिकासँग लुगा मिलाउनुहोस् । जाडोमा र गर्मीमा लगाइने लुगाका बारेमा छलफल गर्नुहोस् बाक्लो, पातलो, लामो, उनी, सुतीको आदि । |
| | | कुन महिना केका लागि प्रसिद्ध छ अथवा कुन महिनामा के विशेष कार्य गरिन्छ, सोका बारेमा बताउनुहोस् र अभिनय गराउनुहोस् ,जस्तै : असोज कात्तिकमा दसैँ तिहार, मङ्सिर पुसमा धान काट्ने थन्क्याउने आदि । अथवा स्थान विशेष मनाइने जात्रा, मेला पर्वहरुको बारेमा बताउनुहोस् । |
| | **संवेगात्मक विकास** | बालबालिकालाई रिस उठेको बेला अथवा धेरै खुशी भएको बेलामा लामो सास फेर्न र दशसम्म गन्ती गर्न दिनुहोस् । अथवा घडीको सुईको टिकटिकसँगै १० सेकेन्ड लामो सास फेर्न लगाउनहोस् । |
| | | बालबालिकालाई भान्साका सामग्रीबाट विभिन्न आवाज निकालेर सुन्न र फरक भन्न लगाउनुहोस् । |
| | | खाली बोतल वा डब्बामा विभिन्न गेडागुडी, अन्न वा बालुवा राख्दा कस्तो कस्तो आवाज निस्कन्छ, छुट्याउन लगाउनुहोस् । |
| | **भाषिक विकास** | एक वर्षमा कतिओटा ऋतु पर्छन् ,भन्न र ऋतुअनुसार फल्ने फलफूलको चित्र कोर्न लगाउनुहोस् । |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

SMC Federation of Nepal

Nepal Education Cluster
नेपाल शिक्षा समूह

unicef

| | | |
|---|---|---|
| | | बालबालिकालाई कुनै कथा भन्नुहोस् तर सो कथाको अन्त्य चाहिँ बालबालिका आफैँलाई गर्न दिनुहोस्। |
| | | बालबालिकासँग गाउँखाने कथा र उखानहरू भन्ने खेल खेलाउनुहोस्। |
| | | बालबालिकासँग शब्दको अन्ताक्षरी खेल्नुहोस्। |
| | | बालबालिकासँग औँला सार्दै कुनै चित्र कथा पढ्नुहोस्। |
| | | औँलाको प्रयोग गरी हावामा अक्षर तथा आकृति बनाएर खेल्न लगाउनुहोस्। |
| | | बालबालिकालाई किताब वा पत्रिकामा देखेका अक्षर तथा चित्रहरू सार्न लगाउनुहोस्। |
| **वातावरण (पानी, बोटबिरुवा, जनावर, चराचुरुङ्गी, किराफट्याङ्ग्रा, खेतीपाती, वरपरको जमिनको बनोट, परिवर्तन)** | **शारीरिक विकास** | बालबालिकालाई पानी पर्दा आउने आवाजको नक्कल थपडी बजाएर गर्न लगाउनुहोस्। |
| | | विभिन्न जनावर, चरा र यातायातका साधनको आवाज नक्कल गर्न दिनुहोस्। |
| | | बाहिरबाट नदेखिने झोलामा सामानहरू राखेर बालबालिकाले छामेर पत्ता लगाउने खेल खेलाउनुहोस्। |
| | | विभिन्न गेडागुडी मिसाएर बालबालिकालाई दिनुहोस् र एकैनासका गेडागुडी छुट्याउन दिनुहोस्। |
| | | बालबालिकालाई आफ्नो घर वरपर भएको बोटबिरुवा देखाउन लैजानुहोस् र नाम भन्न लगाउनुहोस्। |
| | | बालबालिकालाई चरा उड्न आँट्यो, उड्नै लाग्यो, उड्यो भन्दा चरा उडे जस्तै गरी अभिनय गर्न लगाउनुहोस् र फेरि चरा उड्न आँट्यो, उड्नै लाग्यो, उडेन भन्दा चुप लागेर बस्ने खेल खेलाउनुहोस्। |
| | | बालबालिकालाई खेत घुमाउन लैजानुहोस्। बाटामा देखेका कुराहरू सम्झन लगाउनुहोस् र घरमा आएर क्रमशः भन्न लगाउनुहोस्। |
| | **बौद्धिक विकास** | बालबालिकालाई पानी कहाँ कहाँबाट र कसरी आउँछ, भन्न लगाउनुहोस्। |
| | | पानीको स्रोतहरूको चित्र कोर्न लगाउनुहोस् । |
| | | बालबालिकालाई पानीबाट के के गर्ने गरिन्छ, भन्न लगाउनुहोस्। |
| | | बालबालिकालाई सफा र फोहर पानीबिचको भिन्नता छुट्याउन लगाउनुहोस्। |

| | | |
|---|---|---|
| | | बालबालिकालाई कुनै बिरुवा उखेलेर देखाउनुहोस् र त्यसमा पात, डाँठ र जरा चिनाउनुहोस् । पछि बिरुवाको चित्र कोर्न लगाउनुहोस् । |
| | | बालबालिकालाई बोटबिरुवा र यसको फाइदाका बारेमा भन्न लगाउनुहोस् । |
| | | बालबालिकालाई बोटबिरुवाको पातहरूबिचको समानता र भिन्नता छुट्याउन लगाउनुहोस् । |
| | | विभिन्न आकारको ढुङ्गा जम्मा गर्न लगाउनुहोस्, गन्न लगाउनुहोस् र ठुलो सानो छुट्याउन लगाउनुहोस् । |
| | | विविध किसिमका खतरा बिजुली, औषधी, विषादी, धारिलो वस्तका बारेमा छलफल गर्नुहोस् । |
| | | कुनै जनावरको चित्र वा फोटोलाई कडा कागजमा टाँस्नुहोस् । त्यसलाई चार टुक्रामा काटेर बालबालिकालाई जोडेर खेल्न दिनुहोस् । |
| | | बालबालिकालाई विभिन्न वस्तुहरू पानीमा तैरिने र डुब्ने गरि छुट्याउने खेल खेलाउनुहोस् । |
| | | बालबालिकालाई रातीपछि बिहान हुन्छ, बिहानपछि दिउँसो हुन्छ, दिउँसोपछि फेरि राती किन हुन्छ होला, मौसम किन परिवर्तन हुन्छ भनी सोच्न र खोजी गर्न लगाउनुहोस् । |
| | | बालबालिकालाई घरपालुवा जनावर देखाउन लैजानुहोस् र उसको हात, खुट्टा, आँखा, नाक र मुख आदि गन्न लगाउनुहोस् । |
| | | बालबालिकालाई चरा देखाउन लैजानुहोस् र चराको खुट्टा, पखेटा आदिका बारेमा सोध्नुहोस्, जस्तै : चराको हात छ कि छैन, पखेटा कस्तो छ, आँखा कतिओटा छन्, कस्तो रङका छन् आदि । |
| | | कमिला, माकुरा, साङ्ला र पुतली देखाउन लैजानुहोस् । उनीहरूको समानता र भिन्नताका बारेमा छलफल गर्नुहोस् । |
| | | बालबालिकालाई किराले टोक्छ  र किराको टोकाइबाट कसरी बच्न सकिन्छ भन्ने बारेमा बताइदिनुहोस् । |
| | **सामाजिक तथा सांस्कृतिक विकास** | बालबालिकालाई बिरुवा रोप्न लगाउनुहोस् । ती बिरुवामा दिन दिनै पानी हाल्न लगाउनुहोस् र आफूले रोपेको बिरुवाको संरक्षण गर्न लगाउनुहोस् । |
| | | बालबालिकालाई जनावरको जनावरको नाम भनेर कसरी संरक्षण  गर्ने  र माया कसरी गर्ने भनी सोध्नुहोस् । यदि आवश्यक भएमा त्यसका बारेमा थप तथ्य पनि बताइदिनुहोस् । |

| | | |
|---|---|---|
| | **संवेगात्मक विकास** | बालबालिकालाई चराको कथा सुनाउनुहोस् र कथामा भएको जस्तो अभिनय गर्न लगाउनुहोस्। |
| | | बालबालिकालाई चराले खाने खाना र उसको वासस्थानका बारेमा बताउनुहोस्। |
| | | बालबालिकालाई धान रोप्ने, काट्ने र कसरी थन्काउने भनी अभिनय गर्न लगाउनुहोस्। |
| | **भाषिक विकास** | बालबालिकालाई  चराहरूको नाम भन्न लगाउनुहोस्। |
| | | बालबालिकालाई मुछेको माटो वा पिठोबाट मनपर्ने चरा बनाउन लगाउनुहोस् र बनेको चरालाई  घाम, पानी र हावाहुरीबाट बचाउन के के गर्नुपर्छ, वर्णन गर्न लगाउनुहोस्। |
| | | बालबालिकालाई जनावरहरूको नाम भन्न लगाउनुहोस्। |
| | | बालबालिकालाई गाईको चित्र कोर्न लगाउनुहोस् र चित्रमा रङ भर्न लगाउनुहोस्। |
| | | बालबालिकालाई घरपालुवा जनावर र जङ्गली जनावरबिचको भिन्नता बताइदिनुहोस्। |
| | | बालबालिकासँग जङ्गली जनावरले खाने खाना र उस्को वासस्थानका बारेमा छलफल गर्नुहोस्। |
| | | बालबालिकालाई थाहा भएको किराहरूको नाम भन्न लगाउनुहोस्। |
| | | बालबालिकालाई पुतलीको चित्र कोर्न लगाउनुहोस्, रङ भर्न दिनुहोस् र भित्तामा टाँस्न लगाउनुहोस्। |
| | | बालबालिकालाई किराफट्याङ्ग्राले खाने खाना र बस्ने ठाउँका बारेमा छलफल गर्नुहोस्। |
| | | बालबालिकालाई खेती लगाउँदा आवश्यक पर्ने औजारहरूका बारेमा सिकाइ दिनुहोस्। |
| | | बालबालिकाले देखेको औजारको चित्र कोर्न लगाउनुहोस्। |
| | | बालबालिकालाई कुन समयमा के छर्ने ? कहिले पाक्छ ? र कसरी थन्काउने भन्नेबारेमा छलफल गर्नुहोस्। |
| | | बालबालिकालाई उनीहरूको वरपर भएको जमिन कस्तो छ भनी सोध्नुहोस् र त्यस्तै चित्र बनाउन लगाउनुहोस्। |
| | | बालबालिकालाई हाम्रो वरपर पाइने माटो, बालुवा, गिट्टी तथा ढुङ्गा ल्याउन लगाउनुहोस् र यी वस्तुबाट नै जमिन बनेको हुन्छ भनेर बताइदिनुहोस्। |

| | | |
|---|---|---|
| | | बालबालिकालाई दैनिक रूपमा देखिराखेका वस्तुका बारेमा एक मिनेट बोल्न लगाउनुहोस्। |
| | | विभिन्न पशुपक्षीको नाम भन्ने र त्यसको वासस्थान सोध्ने खेल खेलाउनुहोस्। |
| | | बालबालिकालाई विभिन्न पशुपंक्षीको आवाज नक्कल गर्न दिनुहोस्। |
| | | कुनै चित्र बनाएर बालबालिकालाई देखाउनुहोस् र सो चित्रको वर्णन गर्न दिनुहोस्। |
| | | बालबालिकालाई आफ्नो गाउँ/ठाँउ पहिला कस्तो थियो र अहिले कस्तो भयो भन्ने बारेमा रोचक कथा बनाएर सुनाउनुहोस्। |
| | | बालबालिकालाई किराफट्याङ्ग्रा, चरा र जनावर, पुतली, गाई र कुखुराका बारेमा कुरा गर्नुहोस्। के के फरक छन् र के के समानता छन्, सोध्नुहोस्। अन्डा, बच्चाका बारेमा बताइदिनुहोस्  र  चित्र बनाउन दिनुहोस्। |
| **यातायात** | **शारीरिक विकास** | बालबालिकालाई  बसको चित्र बनाउन लगाउनुहोस् र बसको पाङ्ग्रा, झ्याल र ढोका गन्न लगाउनुहोस्। |
| | | बालबालिकालाई बस, जिप आदि देखाउन लैजानुहोस् र हामी एक ठाँउवाट अर्को ठाँउमा जान यातायातको प्रयोग गर्छौ भनी सिकाउनहोस्। |
| | | बालबालिकालाई एम्बुलेन्सको चित्र कोर्न लगाउनुहोस् र यसको प्रयोगका बारेमा छलफल गर्नुहोस्। |
| | **बौद्धिक विकास** | विभिन्न दिशा तथा नजिक र टाढा कुनै वस्तु राख्ने निर्देशन खेल खेलाउनुहोस्। |
| | | बालबालिकालाई फरक फरक ठाउँको नाम भनेर के चढेर जाने भनी सोध्नुहोस्। जस्तो मामाघर, तरकारी किन्न, विद्यालय, पहाड, हिमाल र कुनै सहर जस्तो कि काठमाडौं। |
| | | बालबालिकालाई बस, कार, जिप तथा ट्रकबिच तुलना गर्न लगाउनुहोस् र भिन्नता छुट्याउन लगाउनुहोस्। |
| | | पानीमा हिंड्ने, आकाशमा उड्ने जहाजलाई के भनिन्छ भनी सोध्नुहोस् र पानीजहाज र हवाईजहाजको चित्र कोर्न लगाउनुहोस्। |
| | **सामाजिक तथा सांस्कृतिक विकास** | सडक नियमका बारेमा सिकाउनुहोस्। |
| | | रातो, पहेँलो र हरियो ट्राफिक बत्ती बनाई कस्तो बेलामा बाटो काट्ने भनी सिकाउनुहोस्। |

| | | |
|---|---|---|
| | | भुइँमा वा कागजमा जेब्राक्रस बनाएर बाटो काट्ने खेल खेलाउनुहोस् । |
| | **संवेगात्मक विकास** | बालबालिका यदि कुनै गाडीमा चढेका छन् भने उनीहरूलाई कस्तो लागेको थियो, सम्झेर वर्णन गर्न लगाउनुहोस् । |
| | | गाडीको आवाज निकाल्दै गाडी चलाउने, लाइनमा उभिएर यात्रु चढ्ने चढाउने, सिट बेल्ट बाँध्ने, भाडा माग्ने जस्ता अभिनय गर्न लगाउनुहोस् । |
| | | बालबालिकालाई हवाईजहाज, पानीजहाज, रेल र बस चढेको  कल्पना गरेर कथा भन्न लगाउनुहोस् र चाख लिएर बिच बिचमा प्रश्न गर्दै सुन्नुहोस् । |
| | **भाषिक विकास** | बालबालिकालाई कुनै कथा भन्नुहोस् तर सो कथाको अन्त्य चाहिँ बालबालिका आफैँलाई गर्न दिनुहोस् । |
| | | बालबालिकालाई कुनै गाडीका बारेमा  कानेखुसी गरेर भन्नुहोस् र कतिको सही तरिका सुनेका छन्, भन्न लगाउनुहोस् । |
| | | बालबालिकाले सुनेका कथालाई उनीहरूलाई नै भन्न लगाउनुहोस् । |
| | | बालबालिकासँग यातायातको नाम भन्ने र सोको स्वर निकाल्न लगाउने खेल खेलाउनुहोस् । |
| | | माथि, तल, दायाँ, बायाँ, अगाडि, पछाडि जस्ता शब्द प्रयोग गरेर कुनै कथा सुनाउनुहोस् । |
| | | बालबालिकालाई किताब वा पत्रिका मा देखेका अक्षर तथा चित्रहरू सार्न लगाउनुहोस् । |
| **हाम्रो पहिचान** | **शारीरिक विकास** | बालबालिकालाई आँगनमा लैजानुहोस्, वरपर भएको वस्तुहरू बटुल्न लगाउनुहोस्, जस्तैः  पातपतिङ्गर, काठका टुक्राहरू, ढुङ्गाहरू आदि । बालबालिकासँगै मिलेर ती वस्तुबाट नेपालको नक्सा बनाउनुहोस् । |
| | | बालबालिकालाई हिमाल,पहाड र तराईमा बस्ने मान्छेले लगाउने लुगाको चित्र देखाउँदै उनीहरुलाई चित्र कोर्न लगाउनुहोस् । |
| | | बालबालिकालाई आमा, दिदी र भाउजूले लगाउने गहना र बुबा तथा दाइहरूले लगाउने गहनाको नाम भन्न लगाउनुहोस् र गहना खोजेर जम्मा गर्न लगाउनुहोस् । |
| | **बौद्धिक विकास** | नेपालको नक्सालाई कडा कागजमा टाँस्नुहोस् । त्यसलाई ७ प्रदेशमा काटेर बालबालिकालाई पजल बनाएर दिनुहोस् । |

| | | |
|---|---|---|
| | | बालबालिकालाई खोलानालाको चित्र बनाउन लगाउनुहोस् । |
| | | हाम्रो देशको नाम भन्न लगाउनुहोस् र यो कुन महादेशमा पर्छ भनी सोध्नुहोस् । |
| | **सामाजिक तथा सांस्कृतिक विकास** | बालबालिकालाई हामी बसेको ठाँउका मान्छेले बोल्ने भाषा र लगाउने लुगाको अभिनय गर्न लगाउनुहोस्, जस्तै : तराईमा बस्ने को, पहाडमा बस्ने को र हिमालमा बस्ने को । |
| | | आफ्नो घर भएको जिल्ला वा गाउँको चित्र वा नक्सामा नेपालको झन्डा राख्न लगाउनुहोस् । |
| | | देशका राष्ट्रिय विभूतिहरूको कथा भन्नुहोस् र अभिनय गर्न लगाउनुहोस् । |
| | **संवेगात्मक विकास** | बालबालिकालाई अरूहरूका समस्या, कठिनाइका बारेमा सचेत हुनुपर्ने सन्दर्भ समेटिएका कथा सुनाउनुहोस् र सोका बारेमा छलफल गर्नुहोस् । |
| | | अरूका समस्या समाधानका लागि उपाय कल्पना गर्न लगाउनुहोस् । |
| | | कस्तो कस्तो बेलामा अन्य व्यक्तिलाई सहयोग गर्नुपर्दछ र कसरी सहयोग गर्नेलगायतका विषयमा छलफल गरेर यदि कसैले सहयोग गरेको भए उनको खुलेर प्रशंसा गर्नुहोस् । |
| | **भाषिक विकास** | बालबालिकालाई राष्ट्रिय गान पूरा गाउन सिकाउनुहोस् । राष्ट्रिय गीत गाउँदा उठेर गाउनुपर्छ भनी बताउनुहोस् । |
| | | बालबालिकालाई मन पर्ने चित्र (जस्तै : सगरमाथा र गौतम बुद्धको चित्र) खोज्न लगाउनुहोस् र चित्र काटेर सादा कागजमा टाँस्न लगाउनुहोस् । |
| | | बालबालिकालाई नेपालका विभिन्न घुम्न लायक ठाउँहरू, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूका बारेमा बताउनुहोस् । |
| | | बालबालिकालाई किताब वा पत्रिका मा देखेका अक्षर तथा चित्रहरू सार्न लगाउनुहोस् । |

# मूल्याङ्कन

प्रारम्भिक सिकाइ तथा विकास मापदण्डअनुसार बालबालिकाले ४ वर्ष (६० महिना) पूरा गर्नुअगाडि कम्तीमा निम्नलिखित सूचक हासिल गर्न सक्नुपर्छ । यी सूचकहरू शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकसित प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा आधारित छन् । यसलाई बालबालिकाको निरन्तर अवलोकनमार्फत अभिभावक वा शिक्षकले मूल्याङ्कन गर्न सक्छन् :

## १. शारीरिक विकास : स्थूल अङ्गको विकास

बालबालिकाले शरीर सन्तुलन गरी सिधा, साँघुरो बाटो वा काठको फल्याकमा तीन मिटरसम्म हिँड्न सक्छन् ।
प्रयास गरेता पनि कुनै पनि कार्य गर्न नसकेमा (१), आंशिक रूपमा गर्न सकेमा (२), सन्तोषजनक रूपमा गर्न सकेमा (३), पूर्ण र उत्कृष्ट रूपमा गर्न सकेमा (४)

## २. शारीरिक विकास : सूक्ष्म अङ्गको विकास

बालबालिकाले टाँक, खिप, फस्नर लगाउन र तुना बाँध्न सक्छन् ।
प्रयास गरेता पनि कुनै पनि कार्य गर्न नसकेमा (१), आंशिक रूपमा गर्न सकेमा (२), सन्तोषजनक रूपमा गर्न सकेमा (३), पूर्ण र उत्कृष्ट रूपमा गर्न सकेमा (४)

## ३. शारीरिक विकास : इन्द्रिय अङ्गको विकास

बालबालिकाले दुर्गन्ध र सुगन्ध (बास्ना), तातो र चिसो (स्पर्श), नजिक र टाढा (दुरी), गुलियो र नुनिलो (स्वाद), ठुलो र सानो (आवाज) पहिचान गर्न सक्छन् ।
प्रयास गरी प्रतिक्रिया दिन उत्सुक मात्र भएमा (१), आंशिक रूपमा गर्न सकेमा (२), सन्तोषजनक रूपमा गर्न सकेमा (३), पूर्ण र उत्कृष्ट रूपमा गर्न सकेमा (४)

## ४. शारीरिक विकास : स्वास्थ्य /सरसफाइ (व्यक्तिगत तथा वातावरणीय सरसफाइ)

बालबालिकाले खाना खानुअघि र खाना खाइसकेपछि हात धुन्छन् । दैनिक दाँत माइछन् । कपाल कोर्छन् । चर्पीको सही प्रयोग गर्दछन् । फोहोरलाई फोहोरदानी (डस्टबिन) मा राख्छन् ।
अरूको सहयोगमा मात्र कार्य सम्पादन गरेमा (१), एक वा दुईओटा आफैँले गरेमा (२), तीनदेखि चारओटा आफैँले गरेमा (३), सबै आफैँले गरेमा (४)

## ५. शारीरिक विकास : सुरक्षित अभ्यास (व्यवहार)

बालबालिकाले विविध किसिमका खतरा (जस्तै बिजुली, औषधी, विषादी, आगो, धारिला वस्तुहरू) बारे बताउन सक्छन् ।
अरूको सहयोगमा मात्र बताएमा (१), एक वा दुईओटा आफैँले बताएमा (२), तीनदेखि चारओटा आफैँले बताएमा (३), सबै आफैँले बताएमा (४)

### ६. शारीरिक विकास : पोषण

बालबालिकाको तौल र उचाइ उमेरअनुसार ठिक छ । (स्वास्थ्य सम्पर्क कार्डमा भएको तालिकाअनुसार)
उमेरअनुसार तौल र उचाइ ठिक छैन (१), उमेरअनुसार उचाइ नभएको (२), उमेरअनुसार तौल नभएको (३) उमेरअनुसार तौल र उचाइ ठिक छ (४)







### ७. सामाजिक विकास : जीवनोपयोगी सिप

बालबालिका विभिन्न सामूहिक क्रियाकलापमा सहभागी हुन्छन्, जस्तै : समूहमा पजल मिलाउने, छलफल, अभिनय, खेल आदि । सहभागी भएता पनि सक्रिय हुन नसकेमा (१), आंशिक रूपमा सक्रिय भएमा (२), सन्तोषजनक रूपमा सक्रिय भएमा (३), पूर्ण र उत्कृष्ट रूपमा सक्रिय सहभागी भएमा (४)

### ८. सामाजिक विकास : सामाजिक व्यवहार

बालबालिकाले आफ्नो गल्ती स्विकार्ने र अरूको राम्रो कामको प्रशंसा गर्ने गर्दछन् ।
प्रयास गरे पनि सही तरिकाले प्रकट गर्न नसकेमा (१), कहिलेकाहीँ मात्र सही तरिकाले प्रकट गरेमा (२), सन्तोषजनक रूपमा गरेमा (३), स्वस्फूर्त रूपमा सही तरिकाले प्रकट गरेमा (४)

### ९. संवेगात्मक विकास : संवेग प्रकट तथा सन्तुलन

बालबालिकाले अवस्थाअनुसार विभिन्न संवेगहरू (खुसी, माया, दुःख, रिस, चिन्ता र ईर्ष्या) प्रकट गर्ने गर्दछन् ।
प्रयास गरे पनि प्रकट गर्न नसकेमा (१), आंशिक रूपमा प्रकट गर्न सकेमा (२), सन्तोषजनक रूपमा गरेमा (३), पूर्ण र उत्कृष्ट रूपमा गरेमा (४)

### १०. संवेगात्मक विकास : संवेगात्मक सुरक्षा तथा आत्मविश्वास

बालबालिकाले आफूलाई फरक फरक अवस्थामा घुलमिल/समायोजन गरी आत्मविश्वासका साथ प्रस्तुत गर्न सक्छन् ।
प्रयास गरे पनि अवस्थानुसार प्रकट गर्न नसकेमा (१), कहिलेकाहीँ मात्र प्रकट गरेमा (२), सन्तोषजनक रूपमा गरेमा (३), स्वस्फूर्त रूपमा प्रकट गरेमा (४)

### ११. बौद्धिक विकास : बौद्धिक सिप तथा सिकाइ प्रक्रिया

बालबालिकाले दिनभरिका क्रियाकलाप र घटेका घटना क्रमिक रूपमा बताउन सक्छन् ।
प्रयास गरेता पनि कुनै पनि बताउन नसकेमा (१), आंशिक रूपमा (एकदेखि तीनओटा) बताउन सकेमा (२), सन्तोषजनक रूपमा बताउन सकेमा (३),पूर्ण रूपमा (चार वा पाँचओटा) क्रमिक रूपमा बताउन सकेमा (४)

### १२. बौद्धिक विकास : वर्गीकरण तथा क्रम मिलाउने

बालबालिकाले दिइएका आकार तथा वस्तुहरू विशेषताका आधारमा छुट्याउन सक्छन् । (प्राथमिक रङ, ज्यामितीय आकारः वृत्त, वर्गाकार, त्रिभुज, नापः ठुलो र सानो, लामो र छोटो)
प्रयास गरे पनि सही प्रतिक्रिया नजनाएमा (१), आंशिक रूपमा सही अनुमान गरेमा (२), सन्तोषजनक रूपमा सही अनुमान गरेमा (३), पूर्ण र उत्कृष्ट रूपमा सही अनुमान गरेमा (४)

### १३. बौद्धिक विकास : वैज्ञानिक खोज

बालबालिकाले मौसमअनुसार (घाम लागेको, बादल लागेको, पानी परेको, गर्मी, जाडो आदि) दिन कस्तो छ ? चिनेर भन्न सक्छन्।
प्रयास गरे पनि सही प्रतिक्रिया नजनाएमा (१), आंशिक रूपमा सही अनुमान गरेमा (२), सन्तोषजनक रूपमा सही सही अनुमान गरेमा (३), पूर्ण र उत्कृष्ट रूपमा सही अनुमान गरेमा (४)

### १४. बौद्धिक विकास : दुरी तथा दिशा

बालबालिकाले माथि, तल, दायाँ, बायाँ, अगाडि र पछाडि देखाउन सक्छन् ।
प्रयास गरे पनि सही प्रतिक्रिया नजनाएमा (१), आंशिक रूपमा सही दिशा देखाएमा (२), सन्तोषजनक रूपमा सही दिशा देखाएमा (३), पूर्ण र उत्कृष्ट रूपमा सही दिशा देखाएमा (४)

### १५. बौद्धिक विकास : गणितीय ज्ञान/सङ्ख्या

बालबालिकाले १ देखि १० सम्म वस्तुसँग सङ्ख्याको सम्बन्ध पहिचान गर्न सक्छन् ।
प्रयास गरे पनि सही सम्बन्ध पहिचान नगरेमा (१), आंशिक रूपमा सही सम्बन्ध पहिचान गरेमा (२), सन्तोषजनक रूपमा सही सम्बन्ध पहिचान गरेमा (३), पूर्ण र उत्कृष्ट रूपमा सही सम्बन्ध पहिचान गरेमा (४)

### १६. बौद्धिक विकास : सिर्जनशीलता (परिकल्पना, नाटक र अभिनय)

बालबालिकाले अपूर्ण कथामा काल्पनिक घटना थपेर पूरा गर्न सक्छन्।

प्रयास गरे पनि सान्दर्भिक प्रयास नगरेमा (१), आंशिक रूपमा सन्दर्भ प्रस्तुत गरेमा (२), सन्तोषजनक रूपमा घटना पूरा गरेमा (३), पूर्ण र उत्कृष्ट रूपमा घटना पूरा गरेमा (४)

### १७. भाषिक विकास : सञ्चार

कुनै पनि काम, व्यवहार र धारणाका अधारमा प्रतिक्रिया दिन सक्छन्।

प्रयास गरे पनि सही प्रतिक्रिया नजनाएमा (१), आंशिक रूपमा सही प्रतिक्रिया जनाएमा (२), सन्तोषजनक रूपमा सही प्रतिक्रिया जनाएमा (३), पूर्ण र उत्कृष्ट रूपमा सही प्रतिक्रिया जनाएमा (४)

### १८. भाषिक विकास : पूर्व पढाइ

बालबालिकाले अक्षर तथा शब्दलाई चित्रसँग सम्बन्ध पहिचान गर्न सक्छन्।

प्रयास गरे पनि कुनै पनि मिलाउन नसकेमा (१), आंशिक रूपमा मिलाउन सकेमा (२), सन्तोषजनक रूपमा मिलाउन सकेमा (३), पूर्ण र उत्कृष्ट रूपमा मिलाउन सकेमा (४)

### १९. भाषिक विकास : पूर्व लेखन

बालबालिकाले सिधा, छड्के, अर्ध गोलाकार, गोलाकारलगायतका विभिन्न आकृतिका धर्सा र ढाँचाहरू कोर्न सक्छन्।

प्रयास गरे पनि धर्सा र ढाँचाहरू कोर्न नसकेमा (१), आंशिक रूपमा धर्सा र ढाँचाहरू कोर्न सकेमा (२), सन्तोषजनक रूपमा धर्सा र ढाँचाहरू कोर्न सकेमा (३), पूर्ण र उत्कृष्ट रूपमा धर्सा र ढाँचाहरू कोर्न सकेमा (४)

### २०. सांस्कृतिक विकास

बालबालिकाले राष्ट्रिय गान गाउन सक्छन्।

प्रयास गरे पनि प्रकट गर्न नसकेमा (१), आंशिक रूपमा प्रकट गर्न सकेमा (२), सन्तोषजनक रूपमा गरेमा (३), पूर्ण र उत्कृष्ट रूपमा गरेमा (४)